का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ वैशाख २०८०,
मंगलबार
18 April 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक ८२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## मिटरब्याज पीडितमाथि प्रहरी दमन

मिटरब्याज पीडितको मागबारे निरन्तर छलफल चलिरहे पनि आन्दोलन रोकिएको छैन। बरु सरकार आन्दोलनरत मिटरब्याज पीडितप्रति रुष्ट हुन थालेको छ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

मिटरब्याजी पीडित निरन्तर आन्दोलनमा छन् । पीडितको मागबारे निरन्तर छलफल चलिरहे पनि आन्दोलन रोकिएको छैन् । बरु सरकार आन्दोलनरत मिटरब्याजी पीडितप्रति रुष्ट हुन थालेको छ। सोमबार मिटरब्याजी पीडित । प्रहरीबीच झडप नै भयो। काठमाडौंको रत्नपार्कस्थित शान्ति बाटिकामा पीडितहरुले गरेको प्रदर्शनका क्रममा प्रहरीसँग झडप भएको हो। झडपमा दुवैतर्फ घाइते भएका छन्। सरकारसँग वार्ता नमिलेपछि पीडितहरुले आन्दोलनलाई निरन्तरता दिने भन्दै आन्दोलन गरिरहेका छन् ।

सरकारले एउटा टोलीसँग ५ बुँदे सहमति गरिसकेको छ। अर्को टोली २० चैतदेखि काठमाडौंमा आन्दोलनरत छ। दोस्रो टोलीसँग सहमति हुन सकेको छैन्। सहमति नजुटेपछि अब मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिले आन्दोलनलाई निरन्तरता दिइरहेको छ । मिटरब्याज पीडितको सबै समस्या सरकारले गठन गरेको आयोगबाटै समाधान हुने भन्दै उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले गाउँ जान आग्रह गर्दै आएका छन् ।

सहमति नहुँदा सोमवार त झडप नै भएको हो । रत्नपार्कस्थित शान्तिवाटिकामा मिटरब्याज पीडित र प्रहरीबीच झडप भएको हो । >>> पृष्ठ २ मा

# १४ महिनापछि प्रधानन्यायाधीश नियुक्तिको तयारी

ठूला तीन राजनीतिक दल संवैधानिक परिषद्सम्बन्धी विधेयक निष्क्रिय रहेकै अवस्थामा प्रधानन्यायाधीश नियुक्त गर्न सहमत भएका छन् ।




संवैधानिक परिषद्को बैठक बोलाउने र प्रधानन्यायाधीशको विषयमा निर्णय गरेर अगाडि बढ्ने सहमति भएको छ ।

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**



प्रधानन्यायाधीश नियुक्तिका लागि एमालेको तर्फबाट सहयोग रहन्छ ।

**महेश बर्तौला**
**सचेतक, एमाले**



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

कानुनी रिक्तताकैबीच प्रधानन्यायाधीश नियुक्तिको तयारी भएको छ । २७ मंसिर २०७९ देखि प्रधानन्यायाधीश पद रिक्त छ। हाल कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की रहेका छन् । लामो समयसम्म प्रधानन्यायाधीश नियुक्त नभएको भनी प्रश्न उठेपछि संसदमा विचाराधीन विधेयकलाई छाडेर ठूला तीन राजनीतिक दल संवैधानिक परिषद् सम्बन्धी विधेयक निष्कृय रहेकै अवस्थामा प्रधानन्यायाधीश नियुक्त गर्न सहमत भएका छन् ।

प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्मा विपक्षी दलका नेता केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष गणेश >>> पृष्ठ २ मा

### प्रधानमन्त्रीले बोलाए संवैधानिक परिषद्को बैठक

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संवैधानिक परिषद्को बैठक बोलाएका छन् ।

संवैधानिक परिषद्को सचिवालय समेत रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार परिषद्को बैठक शुक्रबार बिहान ९ बजे प्रधानमन्त्री निवास बालुवाटारमा बस्नेछ। उक्त बैठकले बैठकले प्रधानन्यायाधीश नियुक्ति सिफारिस गर्ने बताइएको छ।

### संवैधानिक नियुक्तिमा भागबन्डाको बेथिति छ : राजेन्द्र लिङ्देन

'दलका शीर्ष नेताहरूसँग देशलाई कसरी व्यवस्थित गर्ने दृष्टिकोण छैन, केबल सत्तामा कसरी पुग्ने भन्ने चिन्ता छ, देश बर्बादीतर्फ जानुको एउटा कारण यो पनि हो । मुलुकलाई निकास दिन समस्त जनताले खबरदारी गर्नुपर्ने बेला भयो ।'

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र प्रसाद लिङ्देनले संवैधानिक नियुक्तिमा भागबन्डाको बेथिति रहेको बताएका छन् । आइतबार पाँचथरको सदरमुकाम फिदिम आयोजित पार्टीको आमसभालाई सम्बोधन गर्दै उनले दलीय भागवण्डा गरेर संबैधानिक निकायका प्रमुखको नियुक्ति गर्ने परिपाटीले मुलुकमा बेथिति बढेको टिप्पणी गरेका हुन्। भागबण्डा >>> पृष्ठ २ मा

## टीआरसीको प्रक्रियामा ब्याक

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गर्ने प्रक्रियामा सत्तापक्ष पूर्व अडानबाट ब्याक भएको छ । एकपक्षीयरुपमा अगाडि बढाउन खोज्दा सभामुख देवराज घिमिरेले असहयोग गर्ने संकेत गरेपछि सत्तारुढ दलहरु पूर्व अडानबाट ब्याक भएका हुन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

सत्तारुढ दलहरु संक्रमणकालीन न्याय टीआरसीसम्बन्धी विधेयक पारित गराउने प्रक्रियामा पूर्व अडानबाट ब्याक भएको छ। एकपक्षीय रुपमा अगाडि बढाउन खोज्दा सभामुख देवराज घिमिरेले अहसयोग गर्ने संकेत गरेपछि सत्तारुढ दलहरु पूर्व अडानबाट ब्याक भएका हुन्। यस विषयमा सोमबार साँझ पाँच दलका बीचमा छलफल समेत भएको छ।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखक टीआरसी विधेयकमाथि छलफललाई निरन्तरता दिने सहमति भएको बताउँछन् । टीआरसी सम्बन्धी विधेयकले द्वन्द्वकालका अपराधलाई मानव अधिकारको उल्लंघन र मानव अधिकारको गम्भीर उल्लंघन गरी दुई श्रेणीमा विभाजन गरेको छ ।

मानव अधिकारको उल्लंघनभित्र हत्या, यौन हिंसा, जबर्जस्ती घरबाट निकाल्ने, कुटपिट, अङ्गभङ्ग गराउने, सार्वजनिक र व्यक्तिगत सम्पत्तिको लुटपाट, आगजनी र अरू मानवीय कानुनको उल्लंघन छन्। यस्ता घटनामा आयोगले क्षमादान दिने सक्ने व्यवस्था छ।

मानव अधिकारको गम्भीर उल्लंघनमा चार प्रकृतिका अपराधलाई राखिएको छ। जसमा क्रूर तथा निर्मम तरिकाले गरिएको हत्या, बलात्कार, जबर्जस्ती बेपत्ता पार्ने कार्य र क्रुर तथा अमानवीय तरिकाले दिएको यातना उल्लेख छ। यस्तो अपराधमा टीआरसीले अनुसन्धान गरेर मुद्दा चलाउने निर्णय भए सरकारी वकिलकोमा पुग्छ। सरकारी वकिलले एक वर्षभित्र मुद्दा चल्ने निर्णय गरेको अवस्थामा >>> पृष्ठ २ मा



प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको सत्तारुढ पाँच दलको बैठक । तस्बिर : प्रदीपराज वन्त / रासस

# अझै उठेन अर्बौंको बक्यौता रकम

समयमा कर नबुझाउने कम्पनी र कर छली गर्नेलाई सरकारले चेतावनीसहित कडा कारबाही नगरे बक्यौता रकममा झनै बढोत्तरी हुने देखिन्छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ वैशाख ।

लामो समय कोरोनाको प्रभाव र विभिन्न विकास निर्माणका काममा भएको अनियमितताले अर्थतन्त्र कमजोर बनिरहँदा भ्रष्टाचार र बक्यौता नतिर्ने कम्पनीहरुको संख्या झनै बढ्न थालेको छ । मूल्यअभिवृद्धि कर, आयकर वर्षौसम्म नतिरेर अरबौं रकम राखेपछि कतिपय कम्पनी खारेज समेत भएका छन् । विशेषगरी सिमेन्ट उद्योग, मदिरा उद्योग, निर्माण सम्बन्धी कार्य गर्ने ठेकदार कम्पनीहरुले कर तिर्न अटेर गरेको ठूला करदाता कम्पनीले जनाएको छ । आईतबारसम्म नवीकरण दस्तुरका रूपमा तिर्नुपर्ने रकम नतिरेपछि स्मार्ट टेलिकम कम्पनीको लाइसेन्स नै खारेज हुने भएको छ । सरकारलाई तिनुपर्ने २० अर्ब, १३ करोड २७ लाख ५० हजार रुपैयाँ नतिरेपछि उक्त कम्पनीलाई खारेज गर्ने निर्णय भएको नेपाल दुरसञ्चार प्राधिकरणले जनाएको छ । नियमअनुसार १० वर्षमा लाइसेन्सको नवीकरण गर्न मोबाइल सेवा प्रदायक कम्पनीले २० अर्ब रूपैयाँभन्दा बढी तिर्नुपर्ने हुन्छ ।

स्मार्ट टेलिकम मात्रै होईन, धेरै उद्योगहरुले सरकारलाई तिनुपर्ने करछली गरिरहेका छन् । त्यस्तै, रोल्पा सिमेन्टले सरकारलाई आठ करोड ४४ लाख ६७९ रुपैयाँ वक्यौता तिर्न बाँकी रहेपछि विद्युत् प्राधिकरणले लाइन काटिदिएको छ । एक वर्षदेखि विद्युत महशुल नतिरेपछि आइतवारदेखि बिजुली काट्नुपरेको प्राधिकरणको लुम्बिनी प्रदेश डिभिजन कार्यालयले जनाएको हो । सरकारलाई २५ प्रतिशत रकम मात्रै तिरेपनि हालका लागि काम सुचारु गर्न दिने प्राधिकरणले जनाउँदै आएको छ । यता दाङमा रहेको सोनापुर सिमेन्टले पनि बक्यौता नतिरेपछि प्राधिकरणले लाइन काटिदिएको छ । सोना सिमेन्टले सरकारलाई ७५ करोड हारहारीमा बक्यौता रकम तिर्न बाँकी रहेको देखिन्छ ।

गत आर्थिक वर्षको अन्तिमसम्ममा पनि कर नबुझाएको भनेर सरकारले शुभश्री अग्नी सिमेन्ट उद्योग, विशाल सिमेन्ट इन्डस्ट्रिज, अरनिका आँवुखैरेनी सिमन्ट इन्डस्ट्रीज, नेपाल अम्बुजा सिमेन्ट उद्योग, लगायत उद्योगहरुलाई तोकता गरेको थियो । त्यस्तै, मदिरा उत्पादक कम्पनी, गाडी विक्रेता कम्पनी, बैंक र विभिन्न एजेन्सीले ठूलो मात्रामा भ्याट, आयकर नबुझाएकोले ताकेता गर्दै आएको थियो । अहिलेपनि धेरै कम्पनीले कर बुझाउन आलटाल गरेको सरकारी निकायको भनाई छ । ठूलो मात्रामा कर तिर्न बाँकी देखिएका कम्पनीहरुलाई बोलाएर छलफल गर्ने, उनीहरुका समस्या सुन्ने, कर तिर्न सहजीकरण गर्ने कार्यमा ठूला करदाता कार्यालय सक्रिय भएपनि धेरै कम्पनीले अटेर गरेको सरकारी निकायको दाबी छ । तर, कतिपय कम्पनीमा पहुँचवाला >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# क्षमता अभिवृद्धि तालिम प्रभावकारी : संघ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ वैशाख

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले दुई दिने क्षमता अभिवृद्धि तालिम कार्यक्रमले म्यानपावर कम्पनीहरूले प्रदान गर्ने सेवामा प्रभावकारिता देखिने बताएको छ। वैदेशिक रोजगार बोर्डले संघको समन्वयमा व्यवसायीहरूका लागि राजधानीमा आइतबार र सोमबार दुई दिने क्षमता अभिवृद्धि तथा अन्तरक्रिया कार्यक्रम राखेको थियो।

संघका महासचिव मेघनाथ भुर्तेलले दुई दिनमा ८ सय ८० व्यवसायीमध्ये तालिममा ७ सय ५० जना भन्दा बढि सहभागी भएको बताए । बजार प्रवर्द्धनका लागि मुलुक बाहिर गएका र काम विशेषले उपत्यका बाहिर गएका बाहेक सबैजसो व्यवसायी कार्यक्रममा सहभागी भएको बताइएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले आइतबार उद्घाटन गरेको



कार्यक्रम सोमबार समापन गरिएको थियो ।

कार्यक्रममा वैदेशिक रोजगार व्यवसाय सञ्चालनका क्रममा व्यवसायीहरूले दैनिकरूपमा झेलिरहेका समस्या र आगामी दिनमा वैदेशिक रोजगारलाई समयसापेक्ष बनाउँदै रोजगार आकांक्षी युवायुवतीलाई कसरी सहजरूपमा सेवा दिने भन्ने विषयमा महत्वपूर्ण छलफल भएको पनि महासचिव भुर्तेलले जानकारी दिए ।

छलफललाई प्रभावकारी बनाउन मन्त्री भण्डारीसहित मन्त्रालयका >>> पृष्ठ २ मा

### मर्यादित व्यवसाय गर्न तालिम संस्थाहरुलाई आग्रह

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले गुनासो नआउने गरी मापदण्डभित्र वैदेशिक रोजगार अभिमुखीकरण तालिम सञ्चालन गर्न सदस्य संस्थाहरुलाई सूचित गरेको छ ।

वैदेशिक रोजगारीमा जानुपूर्वको तालिम दिने संस्थाहरूले कक्षामा उपस्थित नभएका व्यक्तिहरुलाई पनि तालिम लिएको प्रमाणपत्र दिनेलगायतका लापरबाही गरेको गुनासो बढेको भन्दै महासंघले व्यावसायिक मर्यादामा रहेर कक्षा सञ्चालन गर्न आग्रह गरेको हो ।

महासंघले सूचनाअनुसारको हाजिरी सुरक्षित राख्नुपर्ने, निरीक्षण नगराई अनुमति लिएको भन्दा बढी नाम वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा >>> पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
५ वैशाख २०८०, मंगलबार
18 April 2023, Tuesday

# फोहोर उठाउन माग गर्दै सर्वोच्चमा रिट



**काठमाडौं/मस–** राष्ट्रपति कार्यालय, सिंहदबार र प्रधानमन्त्री आवास क्षेत्रको फोहोर उठाउन माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ । काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाएर सोमबार अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गरेको रिट निवेदनमा उक्त माग गरिएको छ ।

काठमाडौं महानगरपालिकाले फोहोर नउठाउने निर्णय गरेपछि फोहोर धेरै समय थुप्रिँदा रोग र दुर्गन्ध फैलिने भएकाले तत्काल फोहोर उठाउन अन्तरिम आदेश माग रिट निवेदनमा गरिएको छ । रिट निवेदनमा भनिएको छ, 'काठमाडौं महानगरपालिकाले काठमाडौंको सिंहदरबार क्षेत्रभित्र, राष्ट्रपतिको कार्यलयको क्षेत्रभित्र, प्रधानमन्त्रीको आवास क्षेत्रभित्रको फोहोरमैला सङ्कलन नगर्ने कुनै निर्णय गरेको भए उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी पाऊँ ।'

रिट निवेदनमा स्थानीय सरकार र संघीय सरकारका बीचमा समन्वय हुनुपर्ने र मिलेर फोहोर व्यवस्थापनको काम गर्नुपर्ने उल्लेख छ । काठमाडौं महानगरपालिकाको कार्यालय स्थानीय निकाय भएकाले नेपालको संविधानको धारा ३० मा प्रत्येक व्यक्ति स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने हक भएको छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम स्वच्छ वातावरण कायम गर्नको लागि आफ्नो क्षेत्रभित्र फोहोर सङ्कलन गर्ने दायित्व काठमाडौं महानगरपालिकाको भएकाले कानून विपरीत फोहोर सङ्कलन नगरेकाले उक्त क्षेत्रको वातावरण प्रदूषित भई वातावरणमा असर पर्ने भएकाले तत्काल सङ्कलन गरी ल्याण्डफिल्ड साइडमा लानु र नियमित फोहोर सङ्कलन र विसर्जन गर्ने कार्य गर्न गराउनु आदेश रिट निवेदनमा माग गरिएको छ ।

## सुकुम्बासी बस्तीमा डोजर नलगाउन अन्तरिम आदेश

**काठमाडौं/मस–** उच्च अदालत पाटनले सुकुम्बासी बस्तीमा डोजर लगाउने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ । न्यायाधीशद्वय दुर्गाबहादुर विश्वकर्मा र दीपेन्द्र अधिकारीको इजलासले उक्त आदेश गरेको हो । गत चैत १७ गते न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासले दिएको अन्तरिम आदेशलाई निरन्तरता दिँदै इजलासले यही वैशाख १३ गते छलफलका लागि दुवै पक्षलाई बोलाउने निर्णय गरेको छ ।

इजलासले 'बस्ती खाली गर्नु' भनी गत चैत ११ गते काठमाडौं महानगरले जारी गरेको सूचना तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो । महानगरले खोला किनारमा रहेका सुकुम्बासी बस्ती खाली गर्न सूचना जारी गरेको थियो ।

सूचनामा 'नदी किनार, नदी उकास तथा नदी बहाव क्षेत्रमा बनेका अनधिकृत संरचना सात दिनभित्र हटाउनु' भनी सूचना जारी गरेको थियो । अदालतले दिएको अन्तरिम आदेश निरन्तरता दिएसँगै बस्ती हटाउने प्रक्रिया तत्कालका लागि रोकिएको छ ।

# लुम्बिनीका मुख्यमन्त्रीले ११ गते विश्वासको मत लिने



**काठमाडौं/मस–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री लीला गिरीले वैशाख ११ गते विश्वासको मत लिने भएका छन् । लुम्बिनी प्रदेशसभाका सचिव दुर्लभकुमार पुनले सोमबार सूचना जारी गरी सभामुखले प्रदेशसभा नियमावली, २०७९ नियम १२ को उपनियम ३ बमोजिम वैशाख ११ गते बैठक आह्वान गरिएको जनाएका छन् ।

सोही बैठकमा मुख्यमन्त्री गिरीले विश्वासको मत लिने सरकारका प्रवक्ता तथा शहरी विकासमन्त्री चेतनारायण आचार्यले जानकारी दिए । गत पुस २७ गते मुख्यमन्त्री नियुक्त भएका गिरीले माघ ५ गते पहिलो पटक विश्वासको मत लिएका थिए । राष्ट्रपतिको चुनावसँगै केन्द्रमा बदलिएको सत्ता समीकरणका कारण नेकपा (माओवादी केन्द्र) लगायतका दलले गत चैत १२ गते मुख्यमन्त्री गिरी सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उनले दोस्रो पटक विश्वासको मत लिन लागेका हुन् ।

लुम्बिनीमा नेपाली कांग्रेस, माओवादी केन्द्रसहित प्रदेशसभाका १० दलमध्ये आठ दल र एक जना स्वतन्त्रसमेत ५३ प्रदेशसभा सदस्यले कांग्रेसका डिल्लीबहादुर चौधरीलाई मुख्यमन्त्री नियुक्त गर्न माग गर्दै प्रदेश प्रमुखलाई हस्ताक्षर बुझाइसकेका छन् । लुम्बिनी प्रदेशमा बहुमतका लागि ४४ सदस्यको मत चाहिन्छ । प्रदेशसभामा रहेको ८७ सदस्यमध्ये अहिले नेकपा (एमाले) का २९, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का चार सदस्यले मात्रै सरकारलाई समर्थन गरेका छन् । एमालेले भने विश्वासको मत नपाए पनि ठूलो दलका हिसाबले संविधानको धारा १६८(३) अनुसार सरकारको नेतृत्व दाबी गर्ने तयारी गरेको सरकारका प्रवक्ता मन्त्री आचार्यले बताए ।

विपक्षी गठबन्धनले भने १६८ (२) अनुसार बहुमत सांसदको समर्थन प्राप्त भएकाले नेपाली कांग्रेस संसदीय दलका नेता चौधरीलाई मुख्यमन्त्री नियुक्त गर्न माग गरेका छन् ।

### मिटरब्याज...

तराईका विभिन्न स्थानबाट भेला भएर शान्तिवाटिकामा बस्दै आएका उनीहरू न्यायका लागि सिंहदरबारअगाडि, भद्रकालीमा गएर धर्नामा बस्न जाने योजनामा थिए । प्रहरीले आफूहरुमाथि बल प्रयोग गरी त्यहाँबाट जान नपाइने भन्दै बल प्रयोग गरेको हुँदा झडप भएको पीडितहरूले बताएका छन् ।

झडपलाई नियन्त्रणमा लिन प्रहरीले पानीको फोहोराको प्रयोग गरेको थियो । झडपमा परी केही प्रहरी र १५-२० जना पीडितहरू घाइते भएका छन् ।

सरकारले पहिले गरेका सम्झौता पालना नगरेको र नयाँ सहमति पनि फितलो भएको भन्दै मधेसका विभिन्न २० जिल्लाका सयौं मिटरब्याज पीडितहरू चैत २० गते काठमाडौं आइपुगेका थिए । ११ दिनको पैदलयात्रापछि गत साता बर्दिबासबाट हिँडेर काठमाडौं आएका पीडितहरूसँग सरकारले चैत १८ गरेको सहमति फितलो भएको भन्दै दबाब दिन यो समूहका पीडितहरू काठमाडौं आएका हुन् ।

### कानुनी...

तिमल्सिना र उपसभामुख इन्दिरा राना सदस्य छन् । प्रधानन्यायाधीश नियुक्ति सिफारिसका लागि बस्ने संवैधानिक परिषद्को बैठकमा भने कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सदस्य रहनेछन् । हाल कानुनमन्त्री पद पनि रिक्त छ ।

ठूला तीन राजनीतिक दल संवैधानिक परिषद् सम्बन्धी विधेयक निष्कृय रहेकै अवस्थामा प्रधानन्यायाधीश नियुक्त गर्न सहमत भएका हुन् ।

प्रधानमन्त्री पुष्पकमल प्रचण्ड, सभामुख देवराज घिमिरे, प्रमुख प्रतिपक्षी दलका नेता ओली र कांग्रेसका सभापति शेरबहादुर देउवाबीच संवैधानिक परिषद् बैठक बोलाएर प्रधानन्यायाधीश नियुक्ति सिफारिस गर्ने सहमति भएको हो ।

सोमबार बिहान प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओली निवास बालकोटमा भएको शीर्ष तहको छलफलपछि कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले भनका थिए, 'प्रधानमन्त्रीले प्रधानन्यायाधीशको स्थायी नियुक्तिको संवैधानिक प्रक्रियाका लागि पहल गर्नुभयो । प्रधानमन्त्रीले कांग्रेस सभापति र प्रमुख प्रतिपक्षी दलका नेताबीच व्यापक छलफल भएको छ । संवैधानिक परिषद्को बैठक बोलाउने र प्रधानन्यायाधीशको विषयमा निर्णय गरेर अगाडि बढ्ने सहमति भएको छ ।' नेकपा एमालेका सचेतक महेश बर्तौलाले पनि 'प्रधानन्यायाधीश नियुक्तिका लागि एमालेको तर्फबाट सहयोग रहने' बताएका छन् ।

संविधानतः प्रधानन्यायाधीश नियुक्तिका लागि पहिले संवैधानिक परिषद्को बैठक बसेर सिफारिस गर्नुपर्छ । संवैधानिक परिषद्सम्बन्धी ऐन विद्यमान रहेको अवस्थामा सोही ऐन बमोजिम हुन्छ भने ऐन नभएको अवस्थामा संवैधानिक व्यवस्था अनुसार सर्वसम्मतिको आधारमा नियुक्तिका लागि सिफारिस गर्न सकिन्छ ।

संविधानको धारा २८४ मा संवैधानिक परिषद् सम्बन्धी व्यवस्था छ । ६ जना सम्मिलित संवैधानिक परिषद्को बैठक बसेर पहिले न्याय परिषद्सँग प्रधानन्यायाधीश हुन योग्य सर्वोच्च अदालतका न्यायाधीशहरूको नामावली माग गरिनेछ । त्यहाँबाट योग्यताक्रम अनुसारको नाम प्राप्त भएपछि संवैधानिक परिषद्ले प्रधानन्यायाधीश नियुक्तिका लागि संसदीय समितिमा सिफारिस गरिनेछ ।

प्रमुख राजनीतिक दलहरूले यी सबै कुरा सहमतिबाटै तत्कालै गर्ने र करिब एक सातामै प्रधानन्यायाधीशको नियुक्ति गर्ने तयारी गरेका छन् । नेकपा एमालेका सचेतक बर्तौलाका अनुसार अबको करिब एक सातामै प्रधानन्यायाधीशको नियुक्ति गरिसक्ने तीन प्रमुख दलको तयारी छ ।

### संवैधानिक...

नमिलेकै कारण न्यायालयसहित प्रायः संवैधानिक अंगहरू नेतृत्वविहीन हुन पुगेको उनको भनाइ छ ।

पूर्वउपप्रधानमन्त्री समेत रहेका लिङ्देनले प्रधानन्यायाधीश, अख्तियार प्रमुख र त्रिभुवन विश्वविद्यालयका कुलपति जस्ता महत्त्वपूर्ण पदमा योग्यता र क्षमताका आधारमा नियुक्त नभएसम्म समस्या समाधान नहुने औंल्याए । उनले भनेका छन्, 'दलका शीर्ष नेताहरूसँग देशलाई कसरी व्यवस्थित गर्ने दृष्टिकोण छैन, केबल सत्तामा कसरी पुग्ने भन्ने चिन्ता छ, देश बर्बादीतर्फ जानुको एउटा कारण यो पनि हो । मुलुकलाई निकास दिन समस्त जनताले खबरदारी गर्नुपर्ने बेला भयो ।'

### टीआरसीको...

विशेष अदालतमा जान्छ । विशेष अदालतले प्रचलित कानुन अनुसार यी चार प्रकृतिलाई सजाय गर्छ । सजाय तोक्दा संक्रमणकालीन न्यायको अवधारणालाई आत्मसात् गर्नुपर्छ । सबैभन्दा धेरै समस्या यसैको वरिपरि देखिएको छ । छलफलमा एमाले अध्यक्ष ओलीले भविष्यमा विवाद नबल्झिने र पीडितले न्याय पाउनेगरी कानुन पास गर्न तयार रहेको बताएका थिए ।

एमाले संसदीय दलका सचेतक महेश बर्तौला भन्छन्, 'यो राष्ट्रको साझा विषय हो । हामी छिटो गर्नुपर्छ भन्नेमै छौं । तर, विधेयकमा रहेको कतिपय विषयमा हामीले बहस गर्नुपर्छ ।'

पीडितहरुलाई न्याय दिने कुरामा शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण हिस्सालाई छिटो टुङ्ग्याउनुपर्ने बर्तौलाले बताए । उनले भने, 'पीडितलाई ध्यान दिनुपर्छ । सत्यको राम्रो अन्वेषण गर्नुपर्छ । पीडितहरुलाई राहतको सुविधा दिनुपर्छ ।'

न्याय निरुपणको विषयमा अन्तर्राष्ट्रिय जगतले पछि कुनै प्रश्न नउठाओस् भन्ने कुरामा एमाले सचेत रहेको भन्दै उनले टीआरसी विधेयकलाई विषयगत समितिमा लगेर पारित गरिनुपर्ने बताएका छन् ।

### अझै...

नेता र तिनका आफन्तको लगानी हुँदा कर उठाउन झनै सकस भएको देखिन्छ । तसर्थ, समयमा कर नबुझाउने कम्पनी र करछली गर्नेलाई सरकारले चेतावनी सहित कडा कारवाही नगरे बक्यौता रकममा झनै बढोत्तरी हुने देखिन्छ । तसर्थ, खँस्कदो अर्थतन्त्र उकास्न पनि सरकारले विशेष पहल गर्नु जरुरी देखिन्छ ।

### क्षमता...

सचिव एकनारायण अर्याल, बोर्ड सचिवालयका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती, वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्य, वैदेशिक रोजगार काठमाडौं कार्यालयकी प्रमुख पार्वती अर्यालले उल्लेख्य भूमिका निर्वाह गरेको संघले बताएको छ ।

प्रशिक्षकका रूपमा मन्त्रालयका सहसचिव राजिव पोखरेल, विभागका पूर्व महानिर्देशक तथा हाल गृह मन्त्रालयका सहसचिव डा. भीष्मकुमार भुसाल, बोर्डका निर्देशक राजन पौडेल, रमा भट्टराई, सीता दुवाडीलगायतको भूमिका अविस्मरीय रहेको संघले उल्लेख गरेको छ ।

कार्यक्रममा संघका पूर्व अध्यक्षहरु, सल्लाहकारहरु, विभिन्न घटक संस्थाका अध्यक्षसहित व्यवसायीहरुको सहभागिता थियो ।

### मर्यादित...

अपलोड नगर्न, तोकिएको पूर्वाधार र जनशक्ति तथा क्लस्टरअनुसारको प्रशिक्षक राख्न, उपत्यकामा ८ संस्थाको १ हाउस र एक हाउसबाट एक प्रतिनिधि पठाउन र बागमती प्रदेशभित्र संगठित भएका हाउसको नामावली प्रदेशलाई जानकारी गराउनुपर्ने भन्दै बिचौलियाबाट व्यवसाय नगर्न तथा सेटिङ नगर्न र नक्कली प्रशिक्षार्थी नराख्नसमेत आग्रह गरेको छ ।

महासंघले निर्माण गरेको प्रणालीमा आवद्ध हुन, २०७७ सालमा पारित पाठ्यक्रम र बोर्डको वेबसाइटमा भएको श्रव्यदृश्य सामग्रीअनुसार प्रशिक्षण गराउन, वैदेशिक रोजगार बोर्ड, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागबाट आउने अनुगमन टोलीलाई सहयोग गर्न र एउटा संस्थाले अर्को संस्थालाई युजर नेम, पासवर्ड नदिनसमेत आग्रह गरिएको छ ।

तारबार रकम हिनामिना प्रकरण

# ४३ हजार बढी रकम हिनामिना भएको स्वीकार



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ४ वैशाख

हुम्लाको सिमकोट गाउँपालिका वडा ७ को डाँडाफया स्वास्थ्य चौकी तारबारको रकम हिनामिना भएको पाइएको छ । मुख्यमन्त्री रोजगार कार्यक्रमको २० लाख रुपैयाँमध्ये दश लाख रुपैयाँ हिनामिना भएको भन्दै गाउँपालिकामा उजुरी परेको थियो । तर त्यसको सुनुवाइ नभएको भन्दै मध्यान्ह राष्ट्रिय दैनिकमा २०७९ चैत २६ गते समाचार प्रकाशित भएपछि उजुरीमाथि गाउँपालिकामा सुनुवाइ भएको छ ।

उपभोक्ता समितिका अध्यक्ष मैनबहादुर शाहीको अध्यक्षतामा बसेको बैठकले उजुरीमाथि सुनुवाइ गर्दै निर्माण सामग्रीमा खरिदमा ४३ हजार चार सय रुपैयाँ हिनामिना भएको निष्कर्ष निकालेको छ । उक्त रकम हिनामिना गरेको उपभोक्ता समितिका अध्यक्ष शाहीले स्वीकार गरेका छन् ।

सिमाकोट गाउँपालिकाका पूर्व वडा सदस्य इश्वरी सिंह, स्थानीय ओब्जन शाही, हिमराज शाहीले भने निमार्ण सामग्रीको मूल्य सबै कटाएर ४३ हजार ४०० रकम बेरुजु रहेको उपभोक्ता समितिले स्वीकार गरेको बताएका छन् । वडा अध्यक्ष बलवीर शाहीले आफूहरुको कमजोरीका कारण रकम हिनामिना भएको भन्दै आगामी दिनहरुमा सचेत रहने प्रतिबद्धता जनाएका छन् ।

# सेनाको हिमाल सफाइ टोली अन्नपूर्णमा



**काठमाडौं/मस–** हिमाल सफाइ अभियानमा जुटेको नेपाली सेनाको एक टोली अन्नपूर्ण प्रथम हिमाल आरोहण गर्न सफल भएको छ । सह-सेनानी सुमन पाण्डेको नेतृत्वमा रहेको सेनाको टोलीले सोमबार बिहान ८:५५ मिनेटमा आठ हजार ९१ मिटरको विश्वको दशौं अग्लो हिमालको चुचुरोमा पुग्न सफल भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

टोलीमा प्यूठ् मानसिंह चौधरी, सिपाही नवराज राना, सिपाही ज्ञानेन्द्र डाँगी, मुख्य पथप्रदर्शक छिरिङ जङ्बु शेर्पासहित पाँच शेर्पा सहयोगी छन् । जैविक विविधता तथा पर्यावरण संरक्षण गर्ने उद्देश्यअनुरुप नेपाल सरकारको राष्ट्रिय कार्यक्रम अन्तर्गत सेनाको अगुवाइमा वार्षिकरुपमा हिमाल सफाइ अभियान सञ्चालन भइरहेको छ । यसवर्ष सगरमाथा, ल्होत्से, बरुञ्चे र अन्नपूर्ण हिमाल सफाइ भइरहेको छ ।

सगरमाथा र ल्होत्से हिमालका लागि प्रमुख सेनानी किशोर अधिकारी नेतृत्वको १३ जनाको टोली दोस्रो आधार शिविरमा पुगेको छ । बरुञ्चे हिमाल सफाइ टोली उक्त हिमालको आधार शिविर पुग्ने क्रममा छ । ती टोली हिमाल सफाइ कार्यलाई थप प्रभावकारी बनाउन आफूलाई हिमाली वातावरण अनुकूल तुल्याउन विभिन्न क्रियाकलापमा जुटेका छन् । यसवर्ष सगरमाथा, ल्होत्से, अन्नपूर्ण र बरुञ्चे हिमालबाट करिब ३५ टन फोहोर सङ्कलन गर्ने लक्ष्य छ ।

# वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी, एक जना पक्राउ



**काठमाडौं/मस–** मलेसिया पठाइदिन्छु भनी ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका १० बानेश्वर थापागाउँ बस्ने ५१ वर्षीया बिमला थापा रहेकी प्रहरीले जनाएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले उनलाई थापागाउँबाटै पक्राउ गरेको हो । थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरीले जनाएको छ । प्रहरीकाअनुसार उनी वैदेशिक रोजगारीका लागि मलेसिया पठाइदिन्छु भनी कमल चौधरीसँग रकम लिएर सम्पर्कविहीन भएकी थिइन् ।

**Bannigadhi Jayagadh Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Jayagadh, Achham**

**Invitation for Sealed Quotation**

**First date of Publication: 18th Apr 2023 (2080/01/05 B.S.)**
**(Contract Identification no: BJRM/SQ/GOOD/2079-080/02)**

1. Bannigadhi Jayagadh Rural Municipality invites electronic bid only from the eligible suppliers as belows:

| S.NO. | Tender No./ Sealed Quotation | Requirement | Price of bid Document (NRs.) | Last Date of Bid Submission/ Time | Bid Security (NRs.)/ Minimum Validity | Estimated Amount(NRs.) (Without VAT) |
|---|---|---|---|---|---|---|
| 1. | BJRM/SQ/ GOOD/2079-080/02 | Supply of Sanitary Pads | 1000.00 | 03 May 2023 (2080/01/20) 12:00 Hrs | 20,500.00/120days | 8,12,337.00 |

2. Sealed Quotation Shall be open in the presence of bidder representative who choose to attend at **03 May 2023 (2080/01/20), 13:00** hours at the office of Bannigadhi Jayagadh Rural Municipality, Jayagadh absence of bidder will not hindered in opening of bid.
3. **Bank Information:**
   For purchase of Bid document: **Himalayan Bank, Bannigadhi Branch Achham**
   **Account Name: BANNIGADHI GA-1-1 ANTARIK RAJASWA KHATA**
   **Account No: 27151561540063**
   For Bid security: **Himalayan Bank, Bannigadhi Branch Achham**
   **Account Name: BANNIGADHI GA-3 STHANIYA TAHA DHAROUTI KHATA**
   **Account No: 27151561540098**
4. Bannigadhi Jaygadh Rural Municipality, Achham reserves right to accept or reject any or all bids, the bidding process and reject all bids without assigning any reason, whatsever.

**Chief Administrative Officer**

# ५९ जिल्लाका विद्यालयमा पुग्यो पाठ्यपुस्तक



**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ वैशाख

यहि वैशाख १ गतेबाट नयाँ शैक्षिक सत्र शुरु भएको छ। नयाँ शैक्षिकसत्र शुरु भएसँगै देशभरका ५९ जिल्लाका विद्यालयहरुमा पाठ्यपुस्तक पुगेको छ । गत चैत २४ गतेदेखि वैशाख ३ गतेसम्म देशभरका ५९ जिल्लाका विद्यालयहरूमा पाठ्यपुस्तक पुगेको जनक शिक्षा सामग्री केन्द्रले जनाएको छ ।

सरकारले यस वर्षका लागि कक्षा एकदेखि पाँचसम्मको पाठ्यपुस्तक निजी क्षेत्र र कक्षा छ देखि १०सम्मको पाठ्युपस्तक छपाइको जिम्मा जनक शिक्षा सामग्री केन्द्रलाई दिएको थियो । निजी क्षेत्रले पनि आफ्नो जिम्मेवारी अनुसार कूल एक करोड १२ लाख ५६ हजार थान पुस्तक सम्बन्धित विद्यालयमा पुऱ्याइरहेको छ । जनक शिक्षाले एक करोड ५० लाख थान पाठ्यपुस्तक छपाइ गरी वितरणको काम समेत सम्पन्न गरिसकेको छ ।

पाठ्यपुस्तक बिक्रीवितरण र छपाईको विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनक शिक्षा सामग्री केन्द्रमा अनुगमन समेत गरेको छ ।

अनुगमनपछि जनक शिक्षा सामग्री केन्द्रका प्रबन्धक अनिलकुमार झाले यसपटक समयमै विद्यार्थीका हातमा पाठ्यपुस्तक पुग्नुमा प्रधानमन्त्री दाहालको निरन्तरको चासो र सहजीकरण भएको बताए । उनका अनुसार २०४६ सालको बहुदलपछि पहिलो पटक विद्यार्थीले समयमै पाठ्यपुस्तक प्राप्त गर्न सकेका हुन् । समयमै कागज खरिद, कामदारको उचित प्रबन्ध गर्न सकेका कारण समयमै काम हुन सकेको उनको भनाइ छ । केन्द्रका अनुसार हाल अनिवार्य विषयको छपाइ सकाएर ऐच्छिक विषयका पाठ्यपुस्तकको छपाइ भइरहेको छ ।

प्रबन्ध निर्देशक झाका अनुसार हाल २४सै घण्टा करिब पाँच सय कामदारले छपाइको काम गरिरहेका छन् । कागज ढुवानीमा कुनै समस्या छैन भने आगामी वर्षका लागि सरकार ास्तरमा नै कागज खरिदका लागि आवश्यक अनुमति पनि प्राप्त भइसकेको छ ।

केन्द्रका अनुसार हाल सोलुखुम्बुका केही विद्यालयमा पाठ्यपुस्तक पुग्न बाँकी छ । त्यस्तै, धनकुटा, मोरङ, सुनसरी र झापा, सिरहा, सर्लाही, बारा, पर्सा, रुपन्देही, बाँके, बर्दिया, देलेख, सुर्खेत, डोटी, डडेल्धुरा, कञ्चनपुर र कैलालीमा सबै विद्यालयमा यही वैशाख १० गतेभित्रै पाठ्यपुस्तक पुऱ्याइनेछ। भर्ना अभियानसँगै छिटफुट बाँकी रहेका केही जिल्लाका विद्यालयमा समेत पाठ्यपुस्तकको बिक्री वितरण भइसक्ने केन्द्रको दाबी छ। केन्द्रले हिमाली जिल्लाहरु जुम्ला, हुम्ला, डोल्पालगायतका जिल्लामा यसपटक पहिलो प्राथमिकतामा राखेर पाठ्यपुस्तक पठाइएको जनाएको छ । पाठ्यक्रम विकास केन्द्रका अनुसार १३ वटा निजी क्षेत्रका १३ वटा छापाखानाले पाठ्यपुस्तक छापेर बिक्री वितरण गरिसकेका छन् । केन्द्रका महानिर्देशक वैकुण्ठप्रसाद अर्यालका अनुसार सरकारले यसपटक सबै सामुदायिक विद्यालयमा समयमै पाठ्यपुस्तक उपलब्ध गराउन सफल भएको बताए । महानिर्देशक अर्यालका अनुसार निजी क्षेत्रले एक करोड १८ लाख थान पाठ्यपुस्तक छपाइ गरेको छ ।

# रौतहटमा रमजानको रौनक

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ४ वैशाख

मुस्लिम समुदायको महान पर्व पवित्र रमजानको २५औं दिन सकिएको छ । मुस्लिम समुदायले यो महिनालाई महत्वपूर्ण महिनाको रुपमा लिएर रोजा इफ्तार गर्ने गर्छन् ।

आफ्नो वार्षिक आम्दानीबाट छुट्याएर राखेको केही रकमले गरिब तथा विपन्न परिवारलाई मद्दत गर्ने परम्परा छ । मुस्लिम संस्कृतिमा आफ्नो घर, गाउँ, टोलभित्रका गरिब तथा विपन्न परिवारलाई मद्दत गर्ने प्रतिबद्धता रहेको छ ।



# बझाङमा ६७ करोडभन्दा बढी बेरुजु

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, ४ वैशाख

बझाङका १२ स्थानीय तहमा ६७ करोडभन्दा बढी बजेट बेरुजु देखिएको छ। महालेखा परीक्षकको ६० औं प्रतिवेदन(आ.व२०७९-८०) अनुसार जिल्लाका १२ स्थानीय तहमा ६७ करोड ९४ लाख ९२ हजार बेरुजु देखिएको हो ।

प्रतिवदेन अनुसार जिल्लाको सबैभन्दा बढी बेरुजु बुंगल नगरपालिकामा देखिएको छ । नगरपालिकाको १२ करोड ९२ लाख २८ हजार बेरुजु देखिएको छ भने जिल्लाको १२ वटा स्थानीय तहमध्ये सबैभन्दा कम बेरुजु मष्टा गाउँपालिकाको देखिएको छ। मष्टाको बेरुजु १ करोड २८ लाख ३९ हजार देखिएको हो ।

यस्तै जयपृथ्वी नगरपालिकाको ४ करोड ४३ लाख २४ हजार, केदारस्यु गाउँपालिकाको ११ करोड ६९ लाख ७३ हजार, छबिसपाथीभेरा गाउँपालिका ३ करोड २१ लाख ४१ हजार र तल्कोट गाउँपालिका ५ करोड ८५ लाख ३५ हजार बेरुजु देखिएको छ । यस्तै जिल्लाको थलारा गाउँपालिका ८ करोड ४१ लाख ४७ हजार बेरुजु देखिएको छ भने सुर्मा गाउँपालिकामा २ करोड ६४ लाख ३६ हजार बेरुजु देखिएको छ । यस्तै खप्तडछान्न गाउँपालिकामा ४ करोड ४१ लाख १८ हजार बेरुजु देखिएको छ भने जिल्लाको बित्थडचिर गाउँपालिकामा ४ करोड ६१ लाख ९४ हजार बेरुजु देखिएको छ भने साइपाल गाउँपालिकामा १ करोड ६३ लाख १८ हजार बेरुजु देखिएको छ। यस्तै दुर्गाथली गाउँपालिकामा ६ करोड ८१ लाख ३९ हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ ।

ऐन नियम अनुसार बजेट खर्च नहुनु, दबाबमा बजेट खर्च हुनु र आर्थिक अनुशासन कायम गर्न नसक्दा स्थानीयतहमा बेरुजु रकम बढ्दै गएको हो। सार्वजनिक आय र व्ययको कार्य प्रचलित कानुनी विधि प्रक्रिया पूरा नगरी गर्दा देखा पर्ने अनियमित रकमलाई बेरुजु भनिन्छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULGHANI AL QANNATI PLASTER & TILES CONT. LLC. शहर : UAE

पूर्व स्वीकृत मितिः २०७९/१२/३० चलानी नं.: ६०२०००९१ LT. No.: 284733

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | सम्बन्धित कामका दक्ष | 1200 | ४२,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper/general Helper | 75 | 0 | | 800 | २८,४६४ | | | | | | | |
| 3. | Mason | 25 | 0 | | 1200 | ४२,६९६ | | | | | | | |
| 4. | Steel Fixer | 25 | 0 | | 1200 | ४२,६९६ | | | | | | | |

### अन्तर्वार्ता हुने स्थान र मिति

Tilottama Institute of Training and Trade Test Center Pvt. Ltd., Rupandehi, Butwal मा २०८० बैशाख १२ गते (25 April 2023) मा हुनेछ ।
Luxury Auto Pvt. Ltd.,Parsa, Birgunj मा २०८० बैशाख १४ गते (27 April 2023) मा हुनेछ ।
Ram Janaki Training Center, Dhanusha, Janakpur मा २०८० बैशाख १५ गते (28 April 2023) मा हुनेछ ।
Prithivi Chok 08, Bishram Khaja Ghar, Kaski, Pokhara मा २०८० बैशाख १७ गते (30 April 2023) मा हुनेछ ।
मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख २० गते (3 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075

**Al Taaz International Pvt. Ltd.**
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101 | 5905102
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np
Butwal: 9802658605 | Birgunj: 9812746662, 9802090008 | Janakpur: 9817876057, 9851088431
Pokhara: 9856056786, 9856084786, 9814184418 | Kathmandu : 9803215045, 9851147158


## सडक विभाग
## पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय,
## दैलेख

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०१/०५

यस योजना कार्यालयबाट मिति २०७९/११/०३ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मुल्यांकन हुँदा सारभुत रुपमा प्रभावग्राही भई न्युनतम रकम कबोल गर्ने देहाय बमोजिमका बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | MHHPODLKH/ 337011144/079/80-006 | Maintenance Of Patihalne-Rukumkot Road Section(Ch-13+000 to 29+000 KM) East Rukum | Yeti Builders Pvt.Ltd., Lalitpur | 9,25,19,191.69 |

योजना प्रमुख

"सफा सहर धनुषाधाम नगरबासीको रहर"

## धनुषाधाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा
मधेश प्रदेश नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :- २०८०/०१/०५

यस धनुषाधाम नगरपालिकाबाट २०७९/१०/१९ को प्रकाशित सार्वजनिक सूचना अनुसार देहायका लागि तोकिएको मिति र समय भित्र ई-बिडमात्रबाट दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको २०६३ को दफा २७ को उपदफा १ र २ बमोजिम सो ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | स्वीकृत गरिएको कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | (DM/19/079-080) | Construction of nausay bazzar shutter phase -I at Dhanushadham Municipality ward no 5 nausay bazzar daxin tole | Sanjeev Nirman Sewa Janakpurdham -14, Dhanusha | 72,86,531 (without vat and PS Item) | |
| 2 | (DM/20/079-080) | Construction of staff Quarter at Dhanushadham Municipality ward no. 3 | A.J.D.Construction and suppliers Mahottari, Gaushala, Nepal | 1,16,64,768 (without vat and PS Item) | |

बोधार्थ
- सबै सहभागी बोलपत्रदाताहरुको जानकारीको लागि ।

नि. प्रमुख प्रशासकिय अधिकृत

## Ministry Of Urban Development
## Kohalpur Town Development Commettee
Kohalpur Banke

### Invitation for Sealed Quatation

**Date of publication: April 18, 2023 (Re-Bid)**

1. **Kohalpur Town Development Committee** invites electronic bid from eligible bidders as per details given below under NCB bidding procedures.

| Name of Project & Contract ID. | Price of Bid Document | Bank A/C details (For cost of Bid document) | Last Date, Time of bid submission and Opening | Bid Security Amount & Bid Security | Remarks |
|---|---|---|---|---|---|
| Construction of Finishing works of Kriyaputri Bhavan (Identification No.: KTDC/Kohalpur/ NCB/2079/80-06) | Nrs. 1000 | Name of Account: Kohalpur Town Development Committee, Kohalpur Banke Account no.: 0720500364003031 Name of Bank: Agriculture Development Bank Ltd., Branch: Kohalpur Banke | 3rd May, 2023 at or before 12:00 hrs and 13:00 hrs respectively | Nrs. 43,000/00 | |

2. Bidders may obtain further details from the PPMO's e-GP system www.bolpatra.gov.np/egp under the name of public entity: **Kohalpur Town Development Committee.**




मध्यान्ह
www.madhyanhadaily.com
५ वैशाख २०८०, मंगलबार
18 April 2023, Tuesday

## सम्पादकीय

# पीडितलाई दमन नगर

चैतको दोस्रो सातायता निरन्तर काठमाडौंमा मिटरब्याज पीडितहरू आन्दोलनमा छन् । एउटा टोलीसँग सरकारले पाँच बुँदे सहमति गरिसकेको छ । सरकारले गरेको सहमति फितलो भएको भन्दै दोस्रो टोली आन्दोलनमा उत्रिएको हो । मधेशका विभिन्न जिल्लाका मिटरब्याज पीडितहरू दोस्रो सातादेखि काठमाडौंमा आन्दोलनरत छन् । बर्दिबासबाट हिँडेर काठमाडौं आएका पीडितहरूसँग सरकारले चैत १८ गरेको सहमति फितलो भएको भन्दै दबाब दिन दोस्रो समूहका पीडितहरू काठमाडौं आएका हुन् ।

मिटरब्याजी पीडित निरन्तर आन्दोलनमा छन् । पीडितको मागबारे निरन्तर छलफल चलिरहे पनि आन्दोलन रोकिएको छैन् । बरू सरकार आन्दोलनरत मिटरब्याजी पीडितप्रति रूष्ट हुन थालेको छ । सोमबार मिटरब्याजी पीडित र प्रहरीबीच झडप नै भयो । काठमाडौंको रत्नपार्कस्थित शान्तिबाटिकामा पीडितहरूले गरेको प्रदर्शनका क्रममा १५/२० जना पीडितहरू घाइते नै भए । नेपालको संविधानले वाक स्वतन्त्रताको सुनिश्चितता गरेको छ । पीडितहरूले माग राख्दा, आन्दोलन गर्दा कतिपय बनिबनाउ नियमहरू तोडिए होलान ।

प्रहरीले शान्तिबाटिको गेटमा ताला नै लगाएर पीडितको आन्दोलन दबाउन खोज्नु संविधानप्रदत्त अधिकार विरूद्धमा छ । पीडितहरूलाई सुरक्षा दिनुको सट्टा प्रहरीले पीडितलाई उल्टै नियन्त्रणमा राख्नु, महिला, वृद्ध/वृद्धासमेत नभनी लाठी चार्ज गर्नु निन्दनीय छ । सरकारकै तर्फबाट नियाल्दा पनि मिटरब्याज पीडितले सोमबारसम्म ६ पटक सरकारसँग वार्ता गरिसकेका छन् । पटक–पटक वार्तामा बस्दा पनि ठोस निर्णय हुन नसक्नुको पछाडि पीडितहरू मात्रै दोषी छैनन् । आफ्ना माग पूरा गराउन पीडितले उच्च सरकारी निकायका कार्यालय घेराउ गर्न खोज्नु स्वभाविक हो । अस्वभाविक त प्रहरीले गरेको दमन देखिन्छ ।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ पीडितहरूलाई घर जान आग्रह गरिरहेका छन् । तर, उनले पीडितका विषय आफैँले सुनेर सम्बोधन गर्ने प्रतिवद्धताका लागि उतिसारो चासो नदिएको पीडितको गूनासो छ । नागरिक अधिकारका लागि लडेर आएका नेताबाटै यस्तो व्यवहार हुँदा पीडितको मन दुख्नु स्वभाविक हो । तर, मिडरब्याज पीडितहरूले पनि यो वा त्यो नाममा आन्दोलन लम्ब्याउने नियत राख्नु हुन्न । राजनीतिक स्वार्थका लागि आन्दोलन गरेको आरोप लगाउनेहरूलाई स्वयम् पीडितहरूले चिर्न सक्नुपर्छ । त्यसबाहेक नागरिकका माग सुन्ने र त्यसको सुनवाई गर्नुपर्ने राज्यको दायित्व हो । नागरिकका आवश्यकता ख्याल गर्नका लागि राज्य हो । नकि दमन गरेर शासन गर्न । दमनकारी शासन व्यवस्था (राणा, पंचायत र राजतन्त्रात्मक शासन व्यवस्था) फ्याँकेर जनताले नै ल्याएको संघीय लोकतान्त्रिक गणचतन्त्रात्मक शासन व्यवस्थामा पीडितलाई नै दमन गर्ने सरकारी नियत तत्काल सच्चियोस् । जायज माग सम्बोधनका लागि अग्रसरता लिइयोस् ।

# संसदीय व्यवस्थाबाट समाजवाद !

*हिजो जुन कारणले देश र जनता कमजोर भएका थिए, राष्ट्रले विकासको सही दिशा र गति लिन र पक्रिन सकेको थिएन, मूलतः तिनै कारण आज पनि जबर्जस्तरूपमा विद्यमान छन् । ती अन्तर्विरोधहरू हल भएका छैनन् । यो परिस्थितिमा सहजै समाजवाद आउँछ भन्नु जनतालाई झुक्याउने खेलबाहेक केही होइन ।*

अग्रलेख



● लोकनारायण सुवेदी

नेपाली राजनीतिमा मुख्य मानिएका राजनीतिक नेतृत्व तहबाट “राजनीतिक क्रान्ति सम्पन्न भयो, अब आर्थिक क्रान्ति गर्दै समाजवाद ल्याउने हो” भनेर निरन्तर झ्याली पिटिएको पाइन्छ। उनीहरुले यस्तो भन्न थालेको पनि दुई दशक पुग्दैछ। हरेक निर्वाचनमा जनतालाई लोभ्याउन यही मन्त्र उच्चारण गरिएको पाइन्छ। तर, यसबीच उनीहरुले भने भन्दा मुलुक उल्टो गतीमा छ। आर्थिक रुपमा देश निकै संकट उन्मुख छ। योबीचमा बाह्य हस्तक्षेप अभूतपूर्वरूपमा बढेर गएको छ। यो अवस्थामा संसदीय व्यवस्थाबाट समाजवाद ल्याउने कुरा कति सही होला ? यहाँ उल्लेख गरिनुपर्ने विषय, संसारमा कतै पनि संसदीय व्यवस्थाबाट समाजवाद आएको पाइन्न ।

हाम्रो मुलुक अवस्था अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक स्थितिबाट गुज्रिरहेको छ। वर्तमान अर्धसामन्ती सत्ताको चरित्रमा आमूल परिवर्तन नगरी संसदबाट समाजवाद ल्याउने कुरा गर्नु हावादारी बाहेक केही होइन। सत्ताको वर्ग चरित्रलाई ढाकछोप गर्दै पुरानै सत्ता-प्रवृत्तिलाई काखी च्यापेर कदापि समाजवाद आउँदैन। जुन सामान्य राजनीतिक पढेकाले पनि बुझ्न सक्दछ । तर, सत्तामा खाइखेली गरिरहेका र गर्दै आएका कांग्रेस र कम्यूनिस्ट नाम गरेका दलहरुले राजनीतिक क्रान्ति पुरा भएको अर्थमा बुझाइरहेका छन् । उनीहरुले यही व्यवस्थाबाट समाजवाद पनि आउने बताइरहेका छन्। तर, बुझ्नुपर्ने विषय स्पष्ट छ, उनीहरुका निम्ति यो खेर्ा तगर्ने एजेण्डा हो । उनीहरु आफैं स्पष्ट छन्, यो शैलीबाट समाजवाद आउँदैन । तर, यो पाखण्ड तरिकालाई भने अपनाइरहेका छन् ।

नेपालको अर्थ-सामाजिक आधारमा राजनीतिको हिसाबकिताब गर्ने हो भने पनि यो संसदीय व्यवस्था अत्यन्तै प्रगतिशील सुधारको बाटोमा गएमा पनि न्यूनतम रुपमा लोककल्याणकारी राज्यको दिशासम्म जानसक्ने आशा गर्न सकिएला । तर, परनिर्भर, अवसरवादी र संदिग्ध चरित्रको अपवित्र गठबन्धन गर्ने प्रवृत्तिको वर्तमान राजनीतिक नेतृत्वले यो बाटो लिन सक्ने आशा पनि ‘आकाशको फल आँखातरी मर’ जस्तै हुन जाने हालसम्मको अनुभवले प्रष्ट पारेको र पारिरहेको छ । हिजो जुन कारणले देश र जनता कमजोर भएका थिए, राष्ट्रले विकासको सही दिशा र गति लिन र पक्रिन सकेको थिएन, मूलतः तिनै कारण आज पनि जबर्जस्तरूपमा विद्यमान छन् । ती अन्तर्विरोधहरू हल भएका छैनन्। केवल जन्मजात गद्दी नसीन हुने वंश परम्परागत राजा मात्र पहिलेजस्तो गद्दीमा छैनन्। तर, अरु प्रायः सबै कुरा उसैगरी राजतन्त्रमा जस्तै मुकुट नलाएका निर्वाचित मानिएका नवराजाले चलाइरहेका र चलेका छन्। जुन व्यवस्थाको चरित्र यत्तिकै परिवर्तन हुने छाँटकाँट पनि देखिन्न ।

आज पनि देशको मुख्य स्रोत साधनको स्वामित्व निश्चित व्यक्ति, घराना वा वर्गको हातमा छ। जुन १० प्रतिशतको हाराहारीमा छन् भने बाँकी ८० प्रतिशत जनता दयनीय अवस्थामा छन् । आज देखिएको आर्थिक चरम असमानताको कारण पनि हो। मुलुकले आत्मनिर्भर संरचना बनाउन नसक्नुको कारण पनि यही हो । हाम्रा उत्पादन सम्बन्धी त्यही निश्चित घराना वा वर्ग अनुकुल गाइडेड छ। जसको कारण उत्पादन गर्ने उद्योगधन्दा भन्दा सेवामुखी (बिचौलिया) शैलीका व्यवसाय फस्टाएका




छन् । जसको विकल्प खोज्नसक्ने अवस्थामा राज्य संयन्त्र छैन ।

मुलुकको श्रम भारको ठूलो हिंसा अहिले पनि कृषि क्षेत्रमै केन्द्रीत छ। गैरकृषि क्षेत्रको हिस्सा अझै पनि अत्यन्तै सानो र सीमित छ। यति मात्रै होइन, कृषि क्षेत्र उपेक्षित र तिरष्कृत भएकाले यसको उत्पादकत्व र उत्पादन बढ्न सकेको छैन र कृषि प्रधान देश भएर पनि खर्बौं रुपैयाँको अन्न लगायतका खाद्य वस्तुहरू बाहिरबाटै आपूर्ति गर्नुपर्ने स्थिति एकातिर छ भने अर्कोतिर रोजगारीको अभावमा हाम्रो ठूलो युवाशक्ति रोजगारीका निमित्त दुबई, कतार, साउदी अरब, बहराइन लगायतका खाडीका विभिन्न देशहरू, मलेसिया, कोरिया र विश्वका अन्य देशमा भौतारिन बाध्य छ। अनेक अपमान र पीडा सहँदै उनीहरूले दुःखले श्रम गरेर पठाएको विप्रेषण (रेमिट्यान्स) पनि विभिन्न वस्तुको आयात गर्न देशबाट बाहिरिने नै अवस्था रहिरहेको छ। यसरी सहर्ष स्वीकारिएको र करिब २८ प्रतिशत राष्ट्रिय आम्दानी दिने कृषिपछि सबैभन्दा ठूलो स्रोत मानिएको वैदेशिक रोजगारीले पनि ‘रातभरि करायो दक्षिणा हरायो’कै स्थिति व्यहोर्न परिरहेको स्थिति विद्यमान छ।

भू-धरातलीय विविधताले गर्दा विश्वमै ठूलो जैविक विविधताले भरिपूर्ण, जलस्रोतको अत्याधिक धनी, यूरेनियम जस्तो बहुमूल्य धातुको उपलब्धता हुँदा समेत हामी प्रयोग गर्नसक्ने अवस्थामा छैनौ । हाम्रो देश द्रुतगतिमा, किफायती ढंगले, चाँडोभन्दा चाँडो विकास हुनसक्ने अनेक सम्भावना विद्यमान छन् । तर, तिनको खोजी, सम्वर्द्धन, संरक्षण र परिचालन गर्ने राज्यको नीति नै हुनसकेको छैन । अहिलेसम्म विकास प्रयासले तिनलाई छुनसम्म पनि सकेन या छुन नै चाहेन या पाएन । त्यसले गर्दा प्राकृतिक मौसमी खेतीपातीमा निर्भर रहेको हाम्रो देश अनुकूल मौसम हुँदा बढी उत्पादन हुने र खुशी हुने तथा प्रतिकूल मौसम हुँदा हाहाकार मच्चिनेजस्तो स्थितिमा रहन बाध्य छ। विगतमा खाद्यान्न निर्यात गर्ने आज पुरै आयातमा निर्भर बनेको छ ।

सबै क्षेत्रको सन्तुलित, सुदृढ र दीगो विकासका निमित्त सबैभन्दा आवश्यक ऊर्जा र विद्युतको आवश्यकता छ। त्यसको निमित्त हाम्रो देशको जलस्रोत हाम्रो सबैभन्दा भरपर्दो, दीगो र विश्वसनीय स्रोत हो। तर, यसको राष्ट्रिय हितमा सदुपयोग गरेर मुलुकको कायापलट गर्ने दिशा लिनुभन्दा पनि नदी नालाहरू भारत सरकार र केही कम्पनीलाई सुम्पिएर पैसा कमाउन सकिन्छ भन्ने अविश्वसनीय र थोत्रा गफमा नेतृत्व लागिरहेको छ । खेर गइरहेको जलस्रोत नेपालको हितमा प्रयुक्त गर्ने कुनै ठोस, प्रभावकारी र परिणामदायी परियोजना परिचालन गर्नेतिर कुनै गम्भीर ध्यान दिएको पाइन्न । बरु ती नदी नालाबाट कमिशनको जोहो गर्ने निहीत उद्देश्यले नदीनालाको अपारदर्शी, अविश्वनीय र अवाञ्छित सन्धिसम्झौता गर्ने र किचलो निकाल्ने काम मात्रै गरिँदै आइएको छ । त्यसको परिणाम जलविद्युतको उत्पादन एकातिर न्यूनतम तहमा पनि हुन सकिरहेको छैन भने खेतीयोग्य जमिनको केवल २० प्रतिशतभन्दा माथि सिँचाइ हुन सकेको छैन ।

१० वर्षे सशस्त्र युद्ध र २०६२/०६३ को राजनीतिक परिवर्तनपछि सत्तामा आएका सबै अनुहारहरुको भूमिकामा खास भिन्नता देखिएन । जनता र राष्ट्रका समस्या समाधान हुने भन्दा समस्या बल्झिने दिशातिर मुलुक गयो । योबीच अवाञ्छित बाह्य हस्तक्षेप अत्याधिक बढेर गएको छ । नेपाल निरन्तर दीन-हीन रहिरहनु र समृद्धिको मूलबाटोमा अघि बढ्न नसक्नुको मूल कारण नै यही यथास्थितिवादी चिन्तन, अराष्ट्रिय र संदिग्ध चरित्र नै हो । अनि यस्तो स्थितिमा आमूलरुपमा सुधार ल्याउने, आम जनतालाई जगैदेखि उठाउन स्वशासनलाई व्यापक अभिवृद्धि गरी जनतालाई विकास निर्माणप्रति गाउँगाउँदेखि सचेत, सक्रिय र संगठित किसिमले सञ्चालन हुनसक्ने संघीय संरचना नबनाउने हो भने विकास र समृद्धि तथा समाजवादको हो-हल्ला पनि राजा महेन्द्रले सामन्ती अधिनायकवादी पञ्चायती व्यवस्थाबाटै ‘शोषणरहीत समाजको सिर्जना’ अर्थात् ‘समाजवाद’ ल्याउने गुलियो कुरा गरेभन्दा केही फरक हुने छैन । यसरी जनता र देशलाई एउटा पाखण्डदेखि अर्को पाखण्डसम्म अल्मल्याउने मात्रै हुनेछ ।

आज दलहरुले जुन रुपमा जनतालाई आश्वासन बाँडिरहेका छन्, त्यो पञ्चायत शैलीको प्रपञ्चभन्दा बाहिर देखिएको छैन । दलहरुको यो शैलीले न राष्ट्रिय एकता कायम हुन्छ, न राष्ट्रियता, सार्वभौमिकता र स्वाधीनता नै कायम हुन्छ । न जनजीबिका र जनतन्त्रका समस्या नै हल हुनसक्छ। यस्तो स्थितिमा समाजवादको खोक्रो राग अलाप्नुको कुनै अर्थ हुँदैन । यस्तो स्थितिले देश र जनतालाई जोगाउन र अघि बढाउन कीमार्थ सक्दैन ।

## सामाजिक सञ्जाल



**- खगेन्द्र संग्रौला**

पुकदा आफैं सर्वाधिकारी कार्यकारी छन् र आफैं रातदिन भनिरहेका छन्, “परिवर्तन उल्ट्याउने प्रपञ्च भइरहेको छ।” खासमा मान्यवर, परिवर्तन उल्ट्याउने खतराको गाँठी कारक माओवादीभित्रको वैचारिक विचलन, नैतिक क्षयीकरण र आचारगत विलासिता हो । बस्, आजलाई यत्ति भनियो ।



**- मुमाराम खनाल**

बितेका १४ महिनामा कांग्रेस र माओवादीले पालैपालो सरकारको नेतृत्व गरे । एकजना प्रधानन्यायाधीश निर्णयको कुनै टुंगो बिना बिचैमा अड्काउने महाअभियोगसहित अवकास भए। र, अहिलेसम्म कुनै प्रधानन्यायधीश नियुक्त भएनन् । ‘न्याय’माथिको यो ‘अन्याय’मा अलिकति लाजशरम त मान न !



**- फणिन्द्र नेपाल**

‘देश खाई शेष भएका’ भनेर पहिले-पहिले अनुभवी र पाका मानिसहरूलाई भन्ने गरिन्थ्यो । हिजोआज देश खाई शेष भएका भन्यो भने आफ्नो सत्ता जोगाउन वा सत्तामा टिकिरहन वा सत्तामा जान खुट्टा उचालेकाहरूले देशको सिमाना मिचिँदा, सयौं वर्गकिलोमिटर भूमि कब्जा हुँदा केही नभएझैं गर्ने भन्ने बुझिन्छ ।



**- रञ्जित तामाङ**

भौतिक आक्रमणमा उत्रिने र सामाजिक सञ्जालमा आलोचकलाई अश्लील गाली गर्ने आफ्नो समर्थकप्रति नतमस्तक बनेको राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वलाई पुराना पार्टीहरूले धन्यवाद दिए हुन्छ । कूँडेमा उम्लिएको दुध खरानीमाथि पोख्दैमा जनताले खरानी खाँदैन ।



**- सेतेमान तामाङ**

राजनीतिक दल वा दलको उम्मेदवारलाई समर्थन र बिरोध गर्नु स्वतन्त्र नागरिकको अधिकार हो तर, समर्थन वा बिरोध गरिएको नाममा समर्थकको असहिष्णु र घृणा फैलाउने हर्कतले समाजमा सहिष्णुता वा सद्भाव कायम राख्नुको सट्टा झन् असभ्यता, अराजकता र उच्छृङ्खल सहितको हिंसा भड्काउँछ । त्यता ध्यान जाओस् ।

# भ्रष्टाचारको बढ्दो स्वरुप

विचार



● गोकर्णप्रसाद उपाध्याय

केही विद्वान्हरूले भ्रष्टाचारलाई ‘दुर्गन्धरहित त्यस्तो ग्यास भनेका छन् जो बेस्सरी फैलिन्छ। भ्रष्टाचारका जराहरू पत्ता लगाउन अत्यन्तै मुस्किल पर्छ । यद्यपि त्यसको असर भने निकै तलसम्म र पछिसम्म परिरहन्छ ।’

